आ.व. २०७८/७९ वैठक नं. १/५८

आज मिति २०७८ साल श्रावण ८ गते विहान ८ वजे भेरी नगरपालिकाका का.वा. नगर प्रमुख श्री भावना भण्डारी ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | भावना भण्डारी | का.वा. नगर प्रमुख | |
| २ | दिपक राना | वडा अध्यक्ष | |
| ३ | काली बहादुर वली | वडा अध्यक्ष | |
| ४ | लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ५ | विष्णु भडेल | का.वा. वडा अध्यक्ष | |
| ६ | श्यामलाल जैसी | वडा अध्यक्ष | |
| ७ | शशिराम बुढा | वडा अध्यक्ष | |
| ८ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष | |
| ९ | कर्ण बहादुर कार्की | वडा अध्यक्ष | |
| १० | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | |
| ११ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | |
| १२ | लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १३ | निम बहादुर भनारी | वडा अध्यक्ष | |
| १४ | गोपाल बटाला | वडा अध्यक्ष | |
| १५ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १६ | मनकला नेपाली | कार्यपालिका सदस्य | |
| १७ | रति वि.क | कार्यपालिका सदस्य | |
| १८ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| १९ | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २० | मिना पुन | कार्यपालिका सदस्य | |
| २१ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २२ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २३ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २४ | अनिश शाह | अधिकृत | |
| २५ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| २६ | सनत दवाडी | सहायकस्तर पाचौ | |
| २७ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |

निर्णयहरु :

१. शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत यस आ.व. २०७७/०७८ मा ८ करोड ४० लाख वजेट अख्तियारी प्राप्त भएकोमा विश्व महामारी कोभिड -१९ को दोश्रो भेरिएन्टको प्रभावका कारण अख्तियारी पास कुल बजेटमा रु ९५ लाख १४ हजार ९६ मात्र खर्च भएको र बाँकी वजेट खर्च गर्न नसकिएकाले चालु आ.व. मा उल्लेखित वजेट मार्फत संचालन गरिने योजनाहरु नगरसभा तथा एम.सी.सी. वैठकवाट समेत छनौट भई सकेकाले खर्च हुन नसकेको उक्त वजेट उपलव्ध गराउने व्यवस्थाकालागि सम्वन्धित विभाग तथा मन्त्रालयमा अनुरोध गर्ने ।

२. यस नगरपालिका विरुद्ध पर्ने मुद्धा मामिला र नगरपालिकाले मुद्धा मामिला सम्वन्धि गर्नुपर्ने सम्पूर्ण कामकालागि नगर कार्यपालिकाको कार्यालयका कार्यालय प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने । साथै, यस नगर कार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत भई हाल करार संझौता भंग भएका एम.आइ.एस. अपरेटर श्री पवन शर्मा, श्री सरोज वली र प्रशासन तथा लेखा सहायक श्री भरत कुमार शर्माले यस नगरपालिकाको कार्यालय, नगर प्रमुख चन्द्र प्रकाश घर्ती र निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री दल वहादुर घर्ती समेतलाई विपक्ष वनाई उच्च अदालत सुर्खेतमा दर्ता गरेको रिट नं ०७७–wo-००४९ उत्प्रेषण/परमादेश रीटमा नगरपालिकाको कार्यालय नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको तर्फवाट वहस पैरवी गर्नकालागि अधिवक्ता श्री नन्द बहादुर भण्डारीलाई जिम्मेवारी दिने र नगरपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको तर्फवाट लिखित जवाफ पेश गर्ने, तारेख लिने र पूर्पक्ष गर्ने कार्यकालागि यस नगरपालिकाका कानून अधिकृत श्री प्रकाश कुमार शाहीलाई अख्तियारी दिने ।

३. वडा न. २ को उल्टोसाल देखि वडा न. २ को पावर हावस दारनेटासम्मको पुरानो सडक निर्माण कार्यकालागी सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने ।